सैनामैना नगरपालिकाको आर्थिक ऐन, २०८०

आ. व. २०८०/०८१

CamScanner

सैनामैना नगरपालिकाको आर्थिक ऐन, २०८०

नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम नगरसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नामः सैनामैना नगरपालिकाको "आर्थिक ऐन, २०८०" रहेको छ ।

(२) यो ऐन २०८० साल श्रावण १ गतेदेखि नगरपालिका क्षेत्रमा लागू हुनेछ ।

२. परिभाषा र व्याख्या :

(क) **"नगरपालिका "** भन्नाले सैनामैना नगरपालिकालाई सम्झनु पर्दछ ।

(ख) **"सभा "**भन्नाले सैनामैना नगरपालिकाको नगरसभालाई सम्झनु पर्दछ ।

(ग) **"प्रमुख "** भन्नाले सैनामैना नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ ।

(घ)**"प्रमुख प्रशासकीय अधिकृत"**भन्नाले सैनामैना नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनु पर्दछ ।

३. **सम्पत्ति कर :**

(१) नगरपालिका क्षेत्रभित्र अनुसूची १ मा उल्लेखित जग्गाको मूल्याङ्कन र अनुसूची २ मा उल्लेखित भौतिक संरचनाको मूल्याङ्कनको आधारमा अनुसूची ३ मा उल्लेख भए बमोजिमको दरमा सम्पत्ति कर लगाईने र असूल उपर गरिनेछ ।

स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि -

(क) **"सम्पत्ति कर"**भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५ को उपदफा (१) मा उल्लेख भए बमोजिमको घर र सो घरले चर्चेको जग्गामा लाग्ने करलाई सम्झनु पर्दछ ।

स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि घरले चर्चेको जग्गा भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम सो क्षेत्रफल बराबर थप जग्गा सम्म सम्झनु पर्दछ ।

(ख) **"भूमि कर (मालपोत)"**भन्नाले सम्पत्ति कर लगाई बाँकी जग्गा र घर नभएका अन्य जग्गामा लाग्ने करलाई सम्झनु पर्दछ ।

(ग) **"संरचना"भन्नाले घर ,**टहरा,गोदाम,सेड,ग्यारेज र पर्खाल जस्ता स्थायी निर्माणलाई जनाउँदछ ।

४. **घर जग्गा वहाल करः** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, विद्यालय, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (४) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः** नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवाको प्रकृति र स्वरुपको आधारमा अनुसूचि (५) बमोजिम व्यवसाय कर लगाईने र असूल उपर गरिनेछ ।

६. **सवारी साधन करः**नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने टाँगा, रिक्सा, अटो रिक्सा, ई-रिक्सा जस्ता सवारी साधनमा अनुसूची (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।

तर सवारी साधन बाहेक ट्रक, टिप्पर र ट्याक्टरको हकमा(पुर्व पश्चिम लोकमार्ग, मुर्गीया लुम्विनी सडक, रामापुर लुम्विनी सडक, सालझण्डी ढोरपाटन तथा रणनैतिक र केन्द्रीय सडक बाहेक) सोही अनुसूचीमा उल्लेख भए बमोजिम सडक मर्मत दस्तुर लगाइनेछ ।

फणेन्द्र प्रसाद शर्मा
नगर प्रमुख

	ज. मिस्टान्न क्यार्टरिङ पसल समेत	३०००	
	झ. मिस्टान्न पसल	१५००	
	ञ. क्यार्टरिङ	२०००	
	ट. चिया कफी पसल	१०००	
	ठ. फास्ट फुड एण्ड क्याफे	१०००	
४४)	**टेन्ट हाउस**		
	क. विद्युत डेकोरेशन वेन्ड वाजा सहितको टेन्ट हाउस	६०००	
	ख. विद्युत डेकोरेशन सहितको टेन्ट हाउस	४०००	
	ग. टेन्ट हाउस मात्र	३०००	
४५)	**सेवा उद्योग**		
	क. अफसेट प्रेस	३०००	
	ख. स्कीन प्रिन्ट प्रेस	२०००	
	ग. लेजर प्रिन्ट प्रेस	१५००	
	घ. सिनेमा हल	३०००	
	ङ. फिल्म डिस्टीब्यूटर्स	१५००	
	च. कलर ल्याब सेवा	१५००	
	छ. भिडियो मिक्सिङ	२०००	
	ज. फोटो स्टुडियो	१५००	
	झ कलर ल्याव र भिडियो मिक्सिङ	२०००	
	ञ. साउण्ड सिस्टम	१५००-	
४६)	**संचार**		
	क. टेलिफोन, टंकल, फ्याक्स, मोवाइल सेवा प्रदायक कम्पनी	३०००	
	ख. टि.भी. च्यानल प्रसारण	३०००	
	ग. केवल च्यानल प्रसारण ३००० भन्दा बढी ग्राहक भएको	५०००	
	घ. केवल च्यानल प्रसारण ३००० भन्दा कम ग्राहक भएको	३०००	
	ङ. एफ एम प्रसारण	२०००	
	च. पत्र पत्रिका प्रकासन सेवा	१०००	
	छ. इन्टरनेट सेवा प्रदायक ३००० भन्दा बढी ग्राहक भएको	५०००	
	ज. इन्टरनेट सेवा प्रदायक ३००० भन्दा बढी कम भएको	३०००	
	झ. केवल तथा इन्टरनेट सेवा प्रदायक	५०००	
	ञ. मोवाइल पसल	२०००	
४७)	**कम्यूनिकेशन सेवा**		
	क. टुर्स एण्ड ट्राभल्स सेवा	१५००	
	ख. फोटोकपी, पि.सि.ओ., साइबर तथा क्याफे	१५००	
	ग. कुरियर्स सेवा मुख्य कार्यालय	१५००	
	घ. कुरियर्स सेवा शाखा कार्यालय	५००	
४८)	**वित्तिय सेवा (नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेका बैंकहरु बाहेक)**		
	क. वाणिज्य बैंक निजी स्तर मुख्य कार्यालय	४००००	
	ख. वाणिज्य बैंक प्रति शाखा कार्यालय	२००००	
	ग. विकास बैंक मुख्य कार्यालय	३००००	
	घ. विकास बैंक प्रति शाखा कार्यालय	१५०००	
	ङ. फाइनान्स कम्पनी मुख्य कार्यालय	२००००	

	च. फाइनान्स कम्पनी प्रति शाखा कार्यालय	१००००	
	छ. लघु वित्त कम्पनी	५०००	
	ज. बिमा कम्पनीहरु	८०००	
	झ. मनी एक्सचेन्जर/ट्रान्सफर	३०००	
	ञ. बचत तथा बहुउद्धेशीय सहकारी संस्था	२०००	
	ट. कृषि सहकारी संस्था	१०००	
४९)	**स्वास्थ्य सेवा व्यवसाय**		
	क. गैर सरकारी अस्पताल तथा नर्सिङ होम	१००००	
	ख. एम आर आई, सिटि स्क्यान, अल्ट्रासाउण्ड क्लिनिक र पोलि क्लिनिक	८०००	
	ग. प्याथोलोजि (शारीरिक रोग सम्बन्धी)	१०००	
	घ. अक्यूपंचर	१०००	
	ङ एक्सरे	१०००	
	च. चश्मा पसल	१०००	
५०)	**शिक्षा सेवा**		
	क. निजी क्याम्पस	५०००	
	ख. निजी मा. वि.	५०००	
	ग. निजी आधारभूत	२०००	
	घ. पुर्व प्रा.वि., छात्रावास, मन्टेश्वरी	१५००	
	ङ. पोलि टेक्नीकल इन्टिच्यूट प्रशिक्षण समेत	२०००	
	च. नर्सिङ, सि. एम. ए., एच. ए. प्रशिक्षण समेत	२०००	
	छ. एजुकेस्नल कन्सल्टेन्सी सेवा	३०००	
	ज. कम्प्यूटर इलेक्ट्रोनिक तालिम	२०००	
	झ. ड्राइभिङ इन्स्टिच्यूट	२०००	
	ञ. भाषा, शिक्षा, कोचिङ सेन्टर	२०००	
५१)	**मर्मत संभार (कारखाना)**		
	क. नयाँ वोडि वनाउने क श्रेणी	४०००	
	ख. वोडि मर्मत गर्ने ख श्रेणी	३०००	
	ग. लेथ सेक्सन	२०००	
	घ. टायर डिलर सो रुम	३०००	
	ङ. टायर रिसोलिङ	२०००	
	च. टायर पन्चर मर्मत	१०००	
	छ. इन्जिन मर्मत	१५००	
	ज. डेन्टीङ, पेन्टीङ तथा वेल्डिङ	१५००	
	झ. पम्प सेक्सन मर्मत	१०००	
	ञ. व्याट्रि इलेक्ट्रीक सेक्सन मर्मत	१०००	
	ट. वासिङ सेक्सन	५००	
	ठ. रिक्सा साईकल विक्री	२०००	
	ड. रिक्सा, साइकल मर्मत तथा विक्री सहीत	२५००	
	ढ. रिक्सा साइकल मर्मत	५००	
	ण. टि. भि., डेग, मोबाइल, फ्रिज मर्मत, कम्प्यूटर मर्मत	१५००	
	त. रेडियो, घडि, क्याल्कुलेटर मर्मत	५००	
	थ. मोटरसाइकल मर्मत	२०००	
	द. कम्पनी पट्टा, रेडियटर, ग्रिस, हेड मर्मत	५००	